# बाख्रा श्रोत केन्द्र स्थापान कार्यक्रम सञ्चालन कार्यबिधी, २०७६

**प्रस्तावना :** बेलका नगरपालिकाले बाख्रा श्रोत केन्द्र स्थापान कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी ढङ्गले सञ्चालन गर्न वाञ्छनीय भएकाले,

बेलका नगरपालिकाको प्रशासकीय कार्यबिधीले दिएको अधिकार प्रयोग गरी बेलका नगरपालिकाले यो कार्य बिधी बनाएको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्य बिधीको नाम “बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन कार्यबिधी, २०७६” रहेको छ ।

**१. यो कार्यबिधी तुरुन्त प्रारम्भ हुनेछ ।**

**३. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधीमा :

(क) “अनुदान” भन्नाले कार्यक्रम सञ्चालनका लागि सम्बन्धित साझेदारलाई बेलका नगरपालिकावाट प्रदान गरिन्ने जिन्सी, नगद तथा प्राविधिक सहयोगलाई जनाउँछ ।

(ख) “कार्यालय प्रमुख” भन्नाले सम्बन्धित नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ग) “कार्यक्रम” भन्नाले बाख्रा श्रोत केन्द्र स्थापना गर्न गरिने कृयाकलाप सम्झनु पर्दछ ।

(घ) “कार्यबिधी भन्नाले “बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन नियमवाली, २०७६” सम्झनु पर्दछ ।

(ङ) “कोष” भन्नाले बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालनका लागि सम्बन्धित साझेदारले संयुक्त दस्तखतमा सञ्चालन भएको बैङ्क खाता मार्फत स्थापना गरेको कोष सम्झनु पर्दछ ।

(च) “निर्देशनालय” भन्नाले प्रदेश सरकार, भुमी व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय, पशु पंन्क्षी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्दछ ।

(छ) “पकेट क्षेत्र” भन्नाले बेलका नगरपालिकाले भौगलिक तथा वातावरणीय हिसावले बाख्रा पालनका लागि उपयुक्त रहेको, तुलनात्मक रुपमा बाख्राको संख्यात्मक उपस्थिती र पालन कार्य बढि हुने भनि पहिचान भएको र भविष्यमा त्यस्ता पशु पालन हुने क्षेत्रको रुपमा विकास गरिने स्थानका वडा न ५, ६, ७ र ८ लाई सम्झनु पर्दछ ।

(ज) “कृषि विकास समिति” भन्नाले बेलका नगरपालिकाले चयन गरेको कृषि क्षेत्र हेर्ने समितिलाई सम्झनु पर्दछ ।

(झ) "प्रस्ताव " भन्नाले सम्बन्धित कार्यालयले यस कार्यविधी मुताविक कार्यक्रम कार्यान्वयन गर्ने शिलशिलामा जारी गरेको सार्वजानिक सूचना अनुसार प्रस्तावकले निर्धारित ढाचाँमा तयार गरि पेश गरेको अवधारणा पत्र तथा सोसंग संबन्धित आवस्यक कागजातहरु समेतलाई सम्झनु पर्दछ ।

(ञ) "प्रस्तावक" भन्नाले यस नियमावली र सार्वजानिक सूचना मुताविक पेश गर्न योग्य रहेको बाखा पालक कृषक समुह/समिति/सहकारी/व्यावसायिक संघ संस्थालाई सम्झनु पर्दछ ।

(ट) "मन्त्रालय" भन्नाले भुमी व्यावस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ ।

(ठ) "विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्दछ ।

(ड) " समिति" भन्नाले कम्तिमा पाचँवटा कृषक समुहहरुको प्रतिनिधित्व हुने गरि विधानत गठन भै बेलका नगरपालिकामा सुचिकृत भएका वा बेलका नगरपालिकाले गठन गरी आधिकारिकता प्रदत समितिलाई जनाउँछ ।

(ढ) "साझेदार" भन्नाले लागत सहभागीतामा बाखा श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालनका लागि सम्बन्धित कार्यालयसंग द्धिपक्षिय सम्झौता भएका बाखा पालक कृषक/समुह/समिति/सहकारी/व्यावसायिक संघ/संस्था लाई सम्झनु पर्दछ ।

(ण) “साझदारी” बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालनका लागि दुई वा दूई भन्दा बदि सरकारी एंव गैर सरकारी क्षेत्र बिच द्धिपक्षिय/वहुपक्षिय सम्झौताका आधारमा हुने लागत सहभागीतालाई सम्झनु पर्दछ ।

(त) “सम्बन्धित कार्यालय” भन्नाले कार्यक्रम सञ्चालनको अख्तियारप्राप्त निकायलाई सम्झनु पर्दछ ।

(थ) “समुह” भन्नाले कम्तिमा दश जना कृषकहरु प्रचालित कानून बमोजिमको आधिकारीक निकायमा दर्ता वा अभिलेख भई बनेको कृषक समुहलाई सम्झनु पर्दछ ।

**४. उदेश्यहरु :** यो कार्यक्रमका उदेश्यहरु देहाय बमोजिम हुनेछन् ।

(क) भौगोलिक क्षेत्र र हावापानि सुहाउदो स्थानिय तथा वर्णशंकर बाख्राको नश्ल सुधार गरि उच्च उत्पादन क्षमतायुक्त प्रजनन योग्य वोका र बाख्राको उपलब्धता बदाउने ।

(ख) कृषक समुदायमा आधारित सहभागितामुलक नश्ल सुधार प्रणालि स्थापित गर्ने ।

(ग) बाख्रा पालन क्षेत्रको व्यावसायिक रुपान्तरमा सहयोग पुऱ्याउने ।

(घ) मासु तथा मासु जन्य पदार्थको उत्पादकत्वमा वृद्धि गरी थप निर्यात वढाउन सहयोग पुऱ्याउने ।

**५. रणनितिहरु :** दफा ४ को उदेश्य प्राप्तिका लागि देहायका रणनीतिहरु अपनाईने छनः

(क) बाख्रापालक कृषक समुह/समिती/सहकारी व्यवसायिक संघ संस्था मार्फत साझादारीमा उन्नत नश्लका वाख्राको श्रोत केन्द्र स्थापना गरिनेछ ।

(ख) बाख्राको उत्पादन अभिलेखिकरण विश्लेषण र छनौट प्रकियाको अवलम्बनबाट माउ तथा पाठा पाठीको नश्ल सुधार गर्दे लगिनेछ ।

(ग) व्यावसायिक बाख्रा पालनका लागि चाहिने व्यावस्थित खोर, नश्ल सुधार, आहारा, स्वास्थ,वजार व्यावस्थापन एंव कृषकको क्षमता अभिवृद्धिका कार्यक्रमहरु प्याकेजको रुपमा उपलब्ध गराई नमुना बाख्रा श्रोत केन्द्रको विकास गरिनेछ ।

(घ) सञ्चालित कार्यक्रमको अवधि समाप्त पश्चात पनि श्रोतकेन्द्रले निरन्तरता दिई दिगो बनाउनेछ ।

(ङ) सम्बन्धित साझेदारहरुको संलग्नतामा असल पशुपालन अभ्यास अवलम्वन गर्न अभिप्रेरित गरिनेछ ।

(च) कार्यक्रम सञ्चालन सालवसाली श्रोतको व्यवस्था जुटाई श्रोत केन्द्रलाई आत्मानिर्भर बनाउदै लगिनेछ ।

(छ) कार्यक्रम सञ्चालनको पाचँ वर्षमा प्रत्येक बाख्रा श्रोत केन्द्र कम्तिमा ५० जना कृषकहरु आबद्ध भई प्रति परिवार ५० माउको दरल २५०० वटा प्रजनन योग्य वयस्क बाख्रा पालन गरी व्यवसायीक बाख्रापालक कृषकमा रुपान्तरण गरिनेछ ।

(ज) श्रोत केन्द्रमा वातावरण मैत्री घासँको आधारित पशुपालनमा जोड दिईनेछ ।

(झ) श्रोत केन्द्रको सञ्चालन, विकास, विस्तार र दीगोपनका लागि आसपासका अन्य बाख्रा पालक कृषक समुह/समिति/सहकारी/व्यावसायि संघ/संस्थाहरुलाई कार्यक्रम मा समेट्दै लगिनेछ ।

(ञ) श्रोत केन्द्रमा भएका पशुहरुको हर्डवुक तयार गरि अध्यावधिक गरिन्नेछ ।

(ट) श्रोत केन्द्रमा बाख्राको उपलब्धता र वेचविखान सम्बन्धि सूचना, तौल र जातीय गुणको आधारमा अध्यावधिक र व्यावस्थित गरिनेछ ।

(ठ) कार्यक्रमको सफल कार्यन्वयनको लागि सरोकारवालाहरुको संलग्नता अनुगमनलाई प्रभावकारी रुपमा सञ्चालन गरिन्नेछ ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन सम्बन्धि व्यावस्था

**६. कार्यक्रम सञ्चालन अवधि :** कार्यक्रमको प्रभावकारीताका अधारमा सालवसाली सञ्चालन हुनेछ ।

**७. कार्यक्रम सञ्चालन स्थान छनौटका आधारहरु :**

**देहायका बुँदाहरुको अधारमा स्थान छनौट हुनेछ :**

(क) भौगलिक तथा वातावरणिय हिसाबको बाख्रा पालनको संभावना भएको हुनुपर्नेछ ।

(ख) बिगतमा बाख्रा पकेट क्षेत्रका रुपमा पहिचान र प्रवर्द्धन गरेको हुनु पर्नेछ ।

(ग) तुलनात्मक रुपमा बाख्राको संख्या वृद्धि गर्न सकिने क्षेत्र हुनु पर्नेछ ।

(घ) बाख्रा पालनमा संलग्नमा कृषकहरुको बाहुल्यता रहेको हुनु पर्नेछ ।

(ङ) आवश्यकता अनुसार घाँस खेति लगाउन र विस्तार गर्न संभावना भएको हुनुपर्नेछ ।

(च) व्यावसायिक बाखा पालन विस्तारका सम्भावना रहेको हुनुपर्नेछ ।

(छ) कार्यक्रम प्रति कृषकहरुको रुचि र प्रभाकारी कार्यन्वयन को सम्भावना भएको हुनुपर्नेछ ।

८. **सम्भावित साझेदारहरु :** कृषक समूह/पशुपालनमा आवद्ध सहकारी संघ/संस्था तथा बाख्रा पालक कृषकहरु

९. **अनुदान रकमवाट सञ्चालन गर्न सकिन्ने कार्यहरु :** सम्बन्धित कार्यालयले प्रदान गर्ने अनुदान रकमवाट साझेदारहरुले देहाय बमोजिमका कृयाकलापहरु मध्ये कृषकको स्थानीय श्रोतमा निर्माण हुने गोठ, खोरमा कम्तीमा २५ प्रतिशत लागत साझेदारी हुने गरी कार्यक्रम

सञ्चालन गर्न सकिने छ, अन्य सामुहिक रुपमा उपयोग हुने कृयाकलापहरुमा समुह समितिको निर्णय अनुसार गरिने छः

(क) खोर निमार्ण/सुधार तथा जैविक सुरक्षाहरु अवलम्बन ।

(ख) डिपिङ्ग ट्याङ्क निमार्ण/सुधार ।

(ग) पशु संकलन केन्द्र र अन्य बजार प्रबर्द्धन पुर्वाधार विकास ।

(घ) प्रजनन योग्य माउ बाख्रा र व्याड वोका खरिद एंव ढुवानी ।

(ङ) घाँसको विउ/बेर्ना खरिद ढुवानी र वितरण ।

(च) हिट सिङ्क्रोनाइजेशन तथा मौसमी कृत्रिम गर्भाधान सेवा सञ्चालन ।

(छ) व्यावसायिक बाख्रा फर्मका लागि बर्डिजोक्याट्रेटर, तौलने मेसिन र अन्य औजार/उपकरण खरिद ।

(ज) बाख्राको आन्तारिक तथा बाह्रय परजिवी नियन्त्रण र पशु उपचार ।

(झ) पशु खोप सेवा र प्रयोगशाला सेवा सञ्चालन सेवा ।

(ञ) क्षमता विकास तालिम, आन्तरिक अवलोकन भ्रमण र आन्तरकृया गोष्ठी ।

(ट) प्रगति प्रतिबेदन, अभिलेखिकरण र तथ्याङ्क अध्यावधिक गर्न प्राविधिक सहजकर्ता परिचालन ।

(ठ) स्थान विशेषको आवश्याकताको आधारमा सम्बन्धित कार्यालयले उचित ठानेका बाख्रापालन प्रबर्द्धनमा सहायक हुन सक्ने अन्य कार्यक्रमहरु ।

## १०. अनुदान प्रवाहका शर्तहरु :

(१) प्रचालित कानून बमोजिम आधिकारीक निकायमा दर्ताभै नगरपालिकामा सूचिकृत भएका साझेदारहरु वा बेलका नगरपालिकाले गठन गरेका समूह वा समिति, सहकारीहरुसंग मात्र यो कार्यक्रम सञ्चालनका लागि साझेदारी गरिन्नेछ ।

(२) अनुदान प्राप्त गर्ने साझेदारले कम्तिमा ५ वर्षसम्म श्रोतकेन्द्र सञ्चालन गर्नु पर्नेछ ।

(३) सम्बन्धित साझेदारले स्वच्छ उत्पादन विधी (Hygenic Code of Practice) परिपालन गर्न मन्जुर हुनु पर्नेछ ।

(४) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यासमा अनुदानग्रहीबाट प्रचालित कानून बमोजिम सरकारी बाकीँ सरह अनुदान रकम असल उपर र कार्यवाही हुनेछ ।

(५) अनुदानको लागि प्राप्त गर्ने संस्थाको नियमित लेखा परिक्षण भएको हुनुपर्नेछ ।

(६) श्रोत केन्द्र स्थापना पश्चात वार्षिक कम्तिमा ५०० वटा प्रजनन योग्य बाख्राको बेचबिखान भएको हुनेछ ।

(७) प्रत्येक श्रोत केन्द्रमा कम्तिमा ५० जना कृषक आबद्ध भई प्रत्येक कृषकले कम्तिमा ५० वटा प्रजनन योग्य बाख्रा पालन गरि कूल २५०० वटा प्रजनन योग्य बाख्रा पालन भएको हुनु पर्नेछ ।

(८) श्रोत केन्द्रको राम्रो गुणस्तर तथा उत्पादन क्षमता भएका स्वास्थ्य पशुहरुको छनौट र ट्यागिङ्ग गरि अभिलेख राख्नु पर्दछ ।

(९) साझेदारले हरेक महिना अनुसुचि - ११ बमोजिमको ढाँचामा प्रगति पठाउनु पर्नेछ ।

(१०) श्रोत केन्द्रमा बाख्राको प्राविधिक सुचक अनुसुचि-१२ बमोजिम हुनेछ ।

(११) पशुको गोठ निमार्ण गर्दा हावा पानी सुहाउदो वैज्ञानिक सफा र हावादार हुनुपर्नेछ ।

(१२) श्रोत केन्द्रमा भएका पशुहरुमा असल व्यावस्थापन अभ्यास, परजिवी नियन्त्रण, पशु खोप आदि अवलम्वन गरि सो को विवरण अध्यावधिक गरि राख्नु पर्नेछ ।

(१३) श्रोत केन्द्रमा आबद्ध सबै सदस्याहरुले घाँसमा आधारित पशुपालनको लागि मौसम र सम्भावना अनुसारका हिउदे वर्षे र वहुवर्षे घाँस खेति तथा हे र साईलेज प्रविधि अवलम्वन गर्नु पर्नेछ ।

(१४) श्रोत केन्द्रमा आबद्ध कृषकहरुले बाखाको अनिवार्य रुपमा विमा गरेको हुनु पर्नेछ ।

## ११. कार्यक्रम कार्यान्वयन सम्बन्धि जिम्मेवारी तथा दायित्व :

(१) कार्यक्रम कार्यान्वयनका शिलसिलामा सूचना प्रकाशन, प्रस्ताव छनौट, सम्झौता, अनुगमन र भुक्तानी सम्बन्धि जानकारी जिम्मेवारी र दायित्व सम्बन्धि अख्तियार प्राप्त कार्यालयको हुनेछ ।

(२) सम्झौता मुताविकको कार्य निर्धारित समय भित्र सम्पन गर्ने दायित्व सम्बन्धित साझेदारको रहनेछ ।

(३) साझेदारले कार्यक्रम कार्यन्वयनका लागि आवश्यक पर्ने विशेषज्ञ सेवा सम्बन्धित कार्यालय वा अन्य निकाय र क्षेत्र वाट समेत प्राप्त वा खरिद गर्न सकिनेछ ।

(४) अनुदानग्राहीले कार्यक्रम सञ्चालनको प्रगति प्रतिबेदन नियमित रुपमा सम्बन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

(५) कार्यक्रम कार्यन्वयनको लागि दफा १२ को उपदफा ५ बमोजिमको समिति रहनेछ ।

## १२. कार्यक्रम कार्यन्वयन प्रक्रिया :

(१) सम्बन्धित कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम मुताविक अनुसुचि -१ बमोजिम नगरपालिकाको वेव साइड, सूचनापाटी र अन्य सूचनाको माध्यमवाट

कम्तिमा पन्द्र दिनको सार्वजानिक सूचना प्रकाशन गरि आव्हान गर्नेछ ।

(२) कार्यक्रममा सहभागी हुन इच्छुक प्रस्तावकहरुले अनुसुचि-२ बमोजिमको आबेदन अनुसुचि-३ बमोजिमको संक्षिप्त कार्य योजना अनुसुचि-४ बमोजिमको लागत साझेदारीको प्रतिबद्धता पत्र अनुसुचि-५ बमोजिमको सम्वन्धित वडाको सिफारिस पत्र र अन्य सान्दार्भिक कागजातहरु संलग्न राखी निर्धारित समय भित्र सम्बन्धित कार्यालयमा प्रस्ताव दर्ता गर्नु पर्नेछ ।

(३) दफा १२ को उपदफा (१) बमोजिम सूचनाको आधारमा निर्धारित समय भित्र प्राप्त प्रस्तावहरु दर्ता हुन नआएमा सम्बन्धित कार्यालयले म्याद थप गरेर कम्तीमा ७ दिने सूचना प्रकाशन गर्न सकिन्नेछ

(४) रित नपुगी वा म्याद नाघि प्राप्त हुन आएमा प्रस्ताव उपर कुनै कार्यवाही हुने छैन ।

(५) उपयुक्तताको आधारमा प्राप्त आबेदनहरुको प्रारम्भिक छनौट, फिल्ड भेरिफिकेशन र सिफारिसका लागि निम्न बमोजिमको प्रस्ताव मुल्याङ्कन तथा सिफारिस समिति रहनेछ :

(क) कृषि समितिका संयोजक वा निजले तोकेको पदाधिकारी संयोजक

(ख) कृषि विकास शाखाको प्रमुख सदस्य

(ग) नगरपालिकाको आर्थिक प्रशासन प्रमुख सदस्य

(घ) संवन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको प्रतिनिधि सदस्य

(ङ) कार्यक्रम हर्ने व्याक्ति वा सहजकर्ता सदस्य

(च) साझेदार संस्थाको प्रमुख वा प्रतिनिधि सदस्य

(छ) पशु पंक्षि तथा मत्स्य विकास शाखाको प्रमुख सदस्य सचिव

(छ) समितिले आवश्याकता महसुस गरेको अन्य विज्ञ वा पदाधिकारी आमन्त्रण गर्न सक्नेछ

(६) रित पुर्वक दर्ता हुन आएमा प्रस्तावकहरुको प्राम्भिक छनौट भएका प्रश्तावहरुको प्राथमिकि छनौट भएका प्रस्तावहरुको सुचि तयार गर्ने जिम्वेवारी समितिको सदस्य सचिवको हुनेछ ।

प्रस्ताव मुल्याकन तथा सिफारिस समितिले अनुसुचि- ६ र अनुसुचि - ७ बमोजिम कुल प्राप्तांकको आधारमा प्राथमिकिकरण सहित तयार गरेको अनुसुचि-८ बमोजिमको सुचि स्वीकृतिका लागि सिफारिस गर्नेछ ।

**१३. सम्झौता :**

(१) सम्बन्धित कार्यालयले स्वीकृत प्रस्तावका आबेदकहरुलाई दफा १६ बमोजिम बाख्रा श्रोत केन्द्र

संञ्चालक समितिसंग अनुसुचि-९ बमोजिमको द्धिपक्षिय सम्झौता गरि कार्यक्रम कार्यान्वयन गर्नेछ ।

(२) सम्झौताको जानकारी सम्बन्धित निकायमा पठाइनेछ ।

(३) तोकिएको अवधि भित्र द्धिपक्षिय सम्झौता हुन नसकेमा वैकल्पिक प्रस्तावकहरुसंग सम्झौता गरि कार्यक्रम कार्यान्वयन गरिन्नेछ ।

(४) द्धिपक्षिय सम्झौतालाई कार्यक्रम कार्यान्वयनको मुल आधार मानिनेछ ।

## १४. भुक्तानी प्रक्रिया :

१) वार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधि भित्र रहि कार्यक्रम सञ्चालनका लागि प्रदान गरिने अधिकतम रकमको सीमा तोकिनेछ । अर्थात सम्बन्धित कार्यालयले प्रदान गरिने अनुदान रकमलाई कार्यक्रम सञ्चालन लागतको ७५ प्रतिशत मानी बाकी २५ प्रतिशत रकम साझेदार संस्थाले व्याहोर्नु पर्नेछ ।

(२) साझेदारले व्याहोर्ने घटिमा २५ प्रतिशत रकम जग्गा र चालु खर्च वापतको रकममा समावेश हुने छैन ।

(३) सम्पन्न भएका कृयाकलापहरुको अनुदान रकम बढीमा दुई किस्तामा साझेदारको बैंक खातामा भक्तानी दिइनेछ । तर कार्य सम्पन्न भएको अवस्थामा एकै किस्तामा अनुदान रकम भुक्तानी गर्न बाधा पर्ने छैन ।

(४) भुक्तानी गरिने रकमबाट तिन प्रतिशत कन्टिनजेन्सी वापत र नियामानुसारका अन्य सरकारी कर कट्टा गरि बाँकी रकम उपलब्ध गराईनेछ । सो कन्टेजेन्सी रकमबाट सम्बन्धित कार्यालयले आवश्यकता अनुसार समितिहरुको बैठक, कार्याक्रम अनुगमन निरिक्षण र सरोकारबालाहरुसंग अन्तरक्रिया गोष्ठी भ्रमण अवलोकन कार्यालय सञ्चालन आदिमा खर्च गर्न सक्नेछ ।

(५) सम्बन्धित कार्यालयले कार्यक्रम सञ्चालनको सफलताको आधारमा सालवसाली बजेटको ब्यवस्था गरी कार्यक्रमलाई निरन्तरता दिनेछ ।

(६) सम्बन्धित कार्यालयले सम्भौता रकम बढिमा ३३ प्रतिशत बराबर प्रथम किस्ता बापत पेश्कि निकासा दिन सक्नेछ । दोश्रो किस्ता निकासाका लागि प्रथम किस्ताबाट सम्पादित कार्यहरुको नियमानुसारको बिल/विजक प्राविधिक प्रतिवेदन र सम्वन्धित कार्यालय वा पशु पंछी तथा मत्स्य विकास शाखाको स्थलगत निरीक्षण प्रतिबेदन र सिफारिस सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(७) साभेदारले कार्यक्रम सम्पन भए पश्चान सम्बन्धित सरोकारवालाहरुको सहभागीतामा सार्बजनिक सुनबाई गर्नु पर्नेछ र सो को प्रतिबेदन अन्तिम भुक्तानीका समयमा कार्यसम्पन्न प्रतिबेदन सहित सम्बन्धित कार्यालयमा पेश गनु पर्नेछ ।

(८) श्रोत केन्द्रमा आबद्ध कृषकहरुले पालेको बाख्राको उत्पादन विवरण, प्रगति प्रतिवेदन र अन्य अभिलेखिकरण कार्यका

लागि श्रोत केन्द्र संञ्चालक समितिले सम्बन्धित कार्यालयको मनोनयनमा एक प्राविधिक सहजकर्ता नियुक्ति तथा परिचालन गर्न सकिनेछ ।

(९).साझेदारको कोषको लेखा परिक्षण प्राचालित कानून बमोजिम हुनेछ ।

(१०) साझेदारले आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र कोषको वितरण र अन्यकागजातहरु फरफारकका लागि सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

**१५. अनुगमन र मुल्याङ्कन :** (१) आवस्याकता अनुसार सम्बन्धित सरोकारवालाहरुवाट र भुक्तानि प्रयोजनका लागि सम्बन्धित विज्ञ र प्राविधिक टोलीहरुबाट कार्यक्रमको अनुगमन ⁄मुल्याङ्न गर्न सकिनेछ ।

(२) अनुदानको उपयोग, प्रगतिको अवस्था र नियामवली बमोजिमका शर्तहरु पालन गरे ⁄नगरेको सम्बन्धमा सम्बन्धित कार्यालयले नियमित अनुगमन गर्नेछ ।

(३) अनुदान उपयोग गर्ने सम्बन्धित साझेदारको कर्तव्य हुनेछ ।

(४) कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषमा होर्डिङ बोर्ड तयार गरी अनुदान प्राप्त रकम कामको विवरण खुल्ने गरी सार्वजानिकीकरणको लागि राख्नु पर्नेछ ।

(५) सम्बन्धित कार्यालयले समयमा अनुसुचि -१० मोजिम अनुगनम गर्न कर्मचारीहरु खटाउने सक्नेछन् ।

**१६. बाखा श्रोत केन्द्र संञ्चालक समिति :-** (१) बाखा श्रोत केन्द्रको कार्यक्रम सञ्चालन, अनुगमन, समन्वय, सुझाव, सहयोग , नियन्त्रण र अनुदान रकम परिचालन गर्न देहाय बमोजिमको समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) समितिको | अध्यक्ष | संयोजक |
| (ख) समितिका अन्य पदाधिकारी | | सदस्य |
| (ग) आमन्त्रीत सामुदायिक वन उपभोक्ता समितिको प्रतिनिधी (१) | | सदस्य |
| (घ) अन्य सरोकारवाला निकायका प्रतिनिधी (१) | | सदस्य |
| (ङ) सम्बन्धित कार्यालयको सामाजिक परिचालक वा प्राविधिक | | सदस्य |

२. दफा १६ उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः

(क) बाखा श्रोत केन्द्र सञ्चालन गर्न द्धिपक्षिय सम्झौता गर्ने ।

(ख) सम्झौता अनुसार श्रोत केन्द्र स्थापना गरि कार्यक्रमहरु सञ्चालन गर्ने गराउने ।

(ग) अन्य सरोकारवालासंग समन्वय गरी बाखा श्रोत केन्द्रको विकासका लागि आर्थिक सहयोग जुटाउने ।

(घ) श्रोत केन्द्रमा रहेका बाखाहरुमा विमा गर्ने गराउने ।

(ङ) आवश्याकता अनुसार अभिलेख व्यावस्थापन गर्ने गराउने ।

(च) श्रोत केन्द्रमा भएका राम्रो गुणस्तर तथा उच्च उत्पादन क्षमता भएका स्वस्थ बाख्रालाई छनौट र ट्यागिङ्ग गरि अभिलेख राख्ने व्यावस्था गर्ने गराउने ।

(छ) आवश्यकता अनुसार प्राविधिक सहजकर्ता नियुक्ति गर्ने गराउने र निजलाई सेवा वापतको परिश्रमिक तोक्न सहयोग गर्नेछ ।

(ज) आफ्नो श्रोत केन्द्रमा रहेका समस्याहरुको पहिचान गरी प्राथमिकताको आधारमा आवश्याक पर्ने कार्यक्रम तथा बजेट तर्जुमा गरी सम्बन्धित कार्यालयमा प्रश्ताव स्वीकृतिका लागि पेश गर्ने गराउने ।

(झ) व्यावसायीक रुपमा श्रोत केन्द्र संञ्चानका लागि विकास विस्तार गर्न आसपासका अन्य बाख्रा पालक कृषक समुह/समिति/सहकारी/व्यावसायी सघं संस्थाहरुलाई कार्यक्रममा संलग्नता गराउदै लैजाने ।

(ञ) श्रोत केन्द्रका कृषकहरुलाई शिप अभिवृद्धिको लागि व्यावसायी बाख्रापालन तालिम , गोष्ठी, भ्रमण र बैठक संचालन गर्ने गराउने ।

(ट) उत्पादित बाख्राहरुको बजारीकरण गर्ने ।

(ठ) घाँस खेतिको आधारमा पशुपालन गर्ने गराउने ।

(ड) श्रोत केन्द्रमा आबद्ध कृषकहरुलाई दफा १० बमोजिम अनुदान प्रवाहको शर्तहरुको पालना गर्ने गराउने ।

(ढ) श्रोत केन्द्रमा उत्पादित बाख्रा विक्रि वितरणका लागि मुल्य निर्धारण गर्ने ।

(ण) चौमासिक रुपमा सम्बन्धित कार्यालयमा प्रगति विवरण पठाउने ।

(त) संञ्चालित कार्यक्रमहरुको सार्वजानिक सुनवाई गर्ने ।

(थ) बेलका नगरपालिका, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पशु पछी तथा मत्स्य विकास निर्देशनालय र भुमी व्यावस्था, कृषि तथा सहकारी मन्त्रालयवाट अनुगमनका क्रममा दिएका सुझावहरु कार्यान्वयन गर्ने गराउने ।

## १७. प्राविधिक सहजकर्ताको व्यावस्था र परिचालन :

(१) श्रोत केन्द्रमा आवद्ध कृषकहरुलाई प्राविधिक सेवा, प्राविधिक अनुसरण, अभिलेखिकरण, गोठ व्यावस्थापन, पशु आहारा सेवा, पशु स्वास्थ सेवा, प्रयोगशाला सेवा, कृत्रिम गर्भाधान सेवा र बजार व्यावस्थापन जस्ता कार्यमा सहयोग र सहजिकरणका लागि एक जना प्राविधिक परिचालकको नियुक्तिमा सहयोग गरिनेछ ।

(२) सम्बन्धित कार्यालयको समन्वयमा कम्तिमा पशु विज्ञान विषय लिई टि.एस.एल. सी. उतिर्ण गरेको स्थानिय व्याक्तिलाई प्राविधि सहजकर्ता छनौट गरिनेछ ।

३. श्रोत केन्द्र संचालक समितिले अनुसुचि- १३ बमोजिम सम्झौता गरि प्राविधिक सहजकर्ता परिचालन गर्नेछ ।

## १८. बाख्राको नश्ल सुधार तथा प्रजन्न व्यवस्थापन :

(१) कार्यक्रम संचालन भएको पहिलो वर्षमा उत्पादन क्षमता न्युन भएका प्रजनन् बोकालाई खसि पार्न वा हटाउन विषेश अभियान संचालन गरिने छ ।

(२) बाख्राको नश्ल सुधार तथा हाडनाता प्रजनन् रोकथामको लागि कम्तिमा ३० वटा माउ र वढीमा ६० बाख्रा बराबर एउटा व्याडको बोकाको व्यवस्था गरिने छ । श्रोत केन्द्रले सम्बन्धित कार्यालयसंगको समन्वयमा सिफारिस गरिएका उन्नत नश्लको प्रजनन् योग्य बोका खरिद गर्नु पर्नेछ ।

(३) माउबाट दुध छुटाउने उमेरका पाठा र पाठिलाई अलग राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) छनोट गरिएका पाठाहरुको हकमा हाडनाता नपर्ने कुराको सुनिश्चितता गर्नु पर्नेछ र छनौटमा अयोग्य ठहरिएका पाठाहरुलाई खसि पार्नु पर्नेछ ।

## १९. बाख्राको अभिलेखिकरण, तथ्याङ्क, विश्लेषण र छनोट :

(१) श्रोत केन्द्रमा रहेका बाख्राको पहिचानको लागि सम्पुर्ण माउबाख्रा, ब्याडेबोका तथा पाठापाठीहरुलाई अनिवार्य रुपले टयागिङ्ग गर्नु पर्नेछ ।

(२) श्रोतकेन्द्रका बाख्राको अनुसुचि-१४ बमोजिमको अभिलेख सम्बन्धित कृषकले भरेर अध्यावधिक गरि राख्नु पर्नेछ । तथा कृषकले भरेका अभिलेखहरु दुरुस्त भए नभएको कुराको पुनरावलोकन र आवश्यक परिमार्जन प्राविधिक सहजकर्ताले गर्नेछ ।

(३) श्रोत केन्द्रका पाठापाठीको जन्म तौल, ३ महिना र ५ महिनाको उमेरमा लिईने तौलको अभिलेख/तथ्यांक प्राविधिक सहजकर्ताले सम्बन्धित कार्यालयलाई पेश गर्नेछ।

(४) कार्यक्रम समाप्तिः श्रोत केन्द्र संचालन समितिले उपदफा (३) बमोजिमको कार्यलाई निरन्तरता दिनेछ र अभिलेखिकरण कार्यका लागि आवश्यकता अनुसार फारम सम्बन्धित कार्यालयले श्रोत केन्द्र संन्चालक समितिलाई उपलब्ध गराउनेछ।

(५) कृषकबाट संकलन गरिएका तथ्यांकहरु सम्भव भए श्रोत केन्द्र संचालक समितिलाई उपलब्ध गराईएको सफ्टवेयरमा प्रविष्ट गरि विश्लेषण गर्ने वा सम्भव नभएमा सम्बन्धित कार्यालयमा पठाई विश्लेषण गरिनेछ।

(६) सम्बन्धित कार्यालयले तंथ्याक विश्लेषणका आधारमा छनौट भएका बाख्रा/बोका/पाठापाठिको जानकारी श्रोतकेन्द्र संन्चालक समिति मार्फत सम्बन्धित कृषकहरुलाई गराई सोही अनुरुप बाख्राहरुको छनौट गरिनेछ।

(७) कार्यक्रम समाप्ति पश्चात पनि श्रोत केन्द्र सञ्चालक समितिले तथ्याङ्क विश्लेषणका आधारमा छनौट प्रकियालाई निरन्तरता दिनु पर्नेछ।

**(८) श्रोत केन्द्रका बाख्राहरुको छनौट देहाय बमोजिम हुनेछ :-**

(क) बाख्राको नश्ल सुधारको लागि जन्मतौल वृद्धिदर, जन्मने पाठापाठिको संख्यालाई मुख्य आधार मानिनेछ। कृषकले पालेका बाख्रा बोका तथा तिनका पाठापाठिको निर्धारित

मापदण्डको आधारमा अभिलेख राखि तंथ्याक विश्लेश्ण र छनोट गरेर प्रजनन्को लागि प्रयोग गरिनेछ ।

(ख) पाठापाठिको पहिलो तिन महिनाको शारिरिक तौल र माउ बाख्राको जुम्ल्याहा पाउने गुणलाई मुख्य आधार मानि छनौट गरिनेछ ।

(ग) पाठापाठिको हकमा पहिलो जन्मदाको तौल, ३ महिनाको तौल ५ महिनाको तौल र जुम्लीया गुणलाई मुख्य आधार मानि छनौट गरिनेछ ।

(घ) सेलेक्सन इन्टेन्सिटि (selection intensity) को हकमा कृषकहरुसँग छलफल गरी ब्याडेबोकाको लागि बढिमा २० प्रतिशत र पठयाग्रीको लागि ५० प्रतिशतसम्म निर्धारण गरिनेछ ।

(ङ) प्रजनन्का लागि छनोट गरिएका बोका तथा पठयांग्री मध्ये उत्कृष्ठ १० प्रतिशत बोका र २० प्रतिशत पठयांग्रीलाई सोही श्रोतकेन्द्रका बाख्राको प्रतिस्थापनाका लागि राखिनेछ । यसरि प्रतिस्थापित बोका तथा पठयांग्रीमा हाडनाता प्रजनन्लाई नियन्त्रणका लागि प्रजनन् योजना बनाईनेछ ।

(च) छनौट भएका बाँकी बोका तथा पठयांग्रीलाई प्रजनन्का लागि बिकि बितरण गर्ने व्यवस्था गरिनेछ । प्रजनन् योग्य माउबाख्रा र बोकामा हुने गुणहरुको मापदण्ड अनुसुचि - १२ बमोजिम हुनेछ ।

**२०. बाख्राको बजार व्यवस्थापनः श्रोत केन्द्रमा उत्पादित बाख्राको बजारिकरणको लागि देहाय बमोजिमको व्यवस्था गरिनेछ :-**

(१) श्रोत केन्द्र संन्चालक समितिले उत्पादित बिक्री योग्य बाख्राहरुको इन्भेन्ट्री तयार गरी र प्रजनन् योग्य बोका, प्रजनन् योग्यमाउ बाख्रा, खसी, छटनी गरिएका माउ र पाठापाठिहरुको बिकि मुल्य निर्धारण गरिनेछ ।

(२) बजारीकरणको सहजताको लागि सम्भाव्यताको आधारमा कृषक समुदाय/सामुदायिक संघ सस्था/अन्य सरोकारवालाहरुसँगको सहकार्यमा बाख्रा संकलन केन्द्र स्थापना र सञ्चालन गर्न सकिनेछ ।

(३) बाख्राहरुको बिकि वितरणको लागि श्रोत केन्द्र र बाख्रा विकासमा संलग्न सरकारी तथा गैर-सरकारी संघ संस्थाहरु सँग आवश्यक समन्वय गरिनेछ ।

**२१. कार्वाही :**

यो कार्यविधि बमोजिम अनुदानको दुरुपयोग भएको पाईएमा प्रचलित कानून बमोजिम कार्वाही गरी असुल उपर गरिनेछ ।

**२२. आर्थिक प्रशासन सेवा :**

कार्यकमको लेखा लेखाङ्कन र लेखा परिक्षण नगरपालिकाको आर्थिक कार्यविधि ऐन र निमावलि, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि, मितव्ययिता सम्बन्धि निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन, तथा सार्वजनिक खरिद निमावलिका साथै प्रचलित कानून बमोजिम हुनेछ ।

२३. प्रचलित कानून लागु हुने : कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यो कार्यविधिमा उल्लेख भएको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

२४. बाधा अड्काउ फुकाउने : यो कार्यविधि बमोजिम कार्य सम्पादन गर्न कुनै बाधा अड्काउ परेमा नगरपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

२५. खारेजी एवं संशोधन : बेलका नगरपालिकाले आवश्यकता अनुसार यो कार्यविधि खारेजी वा संशोधन गर्न सक्नेछ ।

# अनुसूचि- १

## बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकासित मिति २०७६/ /

बेलका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पशु पछी तथा मत्स्य विकास शाखाको आ.व. २०७६/७७ को स्वीकृत बार्षिक कार्यक्रम मुताविक बाख्राको भरपर्दा श्रोतको अभावलाई दृष्टिगत गरी साझेदारीमा बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन गर्नका लागि बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम संचालन कार्यविधि २०७६ ले तोके बमोजिमका शर्त पालन गरी सहकार्य गर्न इच्छुक बाख्रा पालक कृषक समुह, समिति, सहकारी, संघसंस्था, व्यवसायीक संघ संगठनहरुबाट यो सूचना प्रकाशित भएको मितिले सूचनाको अन्तिम दिनसम्म कार्यालय समय भित्रमा प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगि वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । थप जानकारी लागि कार्यालयको वेभ साईट वा फोन वा कार्यालयमा आई वुझ्न सकिनेछ ।

**कार्यक्रम विवरणः**

| क.सं. | कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी रकम रु | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

## आवेदनसाथ संलग्न हुन पर्ने कागजातहरुः

१) तोकिएको राजश्वको रसिद ।

२) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

३) अनुसुचि २ बमोजिमको आवेदन ।

४) अनुसुचि ३ वमोजिमको संक्षिप्त कार्ययोजना ।

५) अनुसुचि ४ वमोजिमको लागत साझेदारीको प्रतिवद्धता पत्र ।

६) अनुसुचि ५ वमोजिम वडाको सिफारिस ।

७) संस्था वा समूहको सिफारिस ।

८) संस्थासंग आवद्ध सदस्यहरुले प्राप्त गरेको अन्य प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता ) आदिको प्रतिलिपि ।

९) दर्ता नविकरण भ्याट, प्यान प्रमाणपत्रको प्रतिलिपि

१०) अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि आदि ।

## अनुसूचि-२

## बाखा श्रोत केन्द्र सञ्चालनको लागि आवेदन

श्रीमान प्रमुख ज्यू
बेलका नगरपालिका, रामपुर, उदयपुर,प्रदेश नं. १

**विषयः** कार्यक्रम सञ्चालनमा सहभागि हुन पाँउ भन्ने वारे ।

महोदय,

ताहा कार्यालयको मिति २०७६/ / मा प्रकाशित सूचना अनुसार बाखा श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन गर्न ईच्छा भएकाले तपशिल अनुसारका कागजातहरु संलग्न राखि यो निवेदन पेश गरेको छु , छौ । उक्त कार्यक्रम प्राप्त भएमा द्धिपक्षिय संझौता र कार्यविधिका शर्त र मापदण्डहरु परिपालन गरि कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता गर्दछु/छौ । साथै संझौता र मापदण्ड विपरित गरेको पाएमा प्रचलित कानून बमोजिम सजायको भागेदारी हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौ ।

**तपशिलः**

| क.सं. | संलग्न कागजातहरुको विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

आवेदकको नामः
ठेगानाः
दस्तखतः
मितिः
छापः

## अनुसूचि-३

## बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रमको संक्षिप्त कार्ययोजनाः

### १) आवेदकको संक्षिप्त विवरणः

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| स्थापना भएको मिति | |
| दर्ता भएको मिति र निकाय | |
| सम्पर्क टेलिफोन नं. | |
| सम्पर्क व्यक्तिको नाम | |
| सम्पर्क व्यक्तिको सम्पर्क नं. | |
| ईमेल | |
| श्रोथ केन्द्र र कार्यालय रहने स्थान | |

### २ . आवद्ध सदस्यहरुले पालेका बाख्राको विवरणः

| क्र.सं. | कृषकको नाम थर | ठेगाना | बाख्रा संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | विऊ बोका | माउ | पठेंग्रा | पठेंग्री | पाठा | पाठी | जम्मा |
| | | | | | | | | | |
| | | | | | | | | | |

### ३. अनुभव र अन्य विवरणः

| | |
|---|---|
| विगतमा गरेका कामहरुको संक्षिप्त विवरण | |
| विद्यमान वित्तिय, मानविय र भौतिक श्रोतको विवरण | |
| | |
| | |

## ४. कार्यक्रम सञ्चालन सम्वन्धि समस्या, औचित्य, उदेश्य तथा लाभान्वित घर परिवार संख्या

| | |
|---|---|
| भोगेका वा अनभूत गरेका व्यवसायगत समस्या | |
| कार्य योजना किन र के का लागि पेश गरिएका हो | |
| प्रस्तावित कार्यक्रमको उद्देश्य | |
| लाभान्वित घर परिवार संख्या प्रत्यक्षर, अप्रत्यक्षर | |

## ५. कार्यक्रम सचालन प्रकृया

| | |
|---|---|
| प्रस्तावित कार्यक्रम कसरी संचालन गरिन्छ | |

## ६. कार्यक्रमबाट हासिल हुने उपलब्धिहरु

| | |
|---|---|
| कार्यक्षेत्र विस्तार | |
| उत्पादन बृद्धि दैनिक, मासिक, बार्षिक परिमाण मे.ट | |
| जिविकोपार्जन तथा जिवन स्तरमा सुधार | |
| रोजगारी तथा आर्थिक अवस्थामा सुधार | |

## आर्थिक प्रस्ताव

## प्रस्ताविक कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण

| क्र.स | मुख्य कृयाकलापहरु | इकाई | परिमाण | प्रति इकाई दर रु | कूल लागत रु | प्रस्तावकको योगदान रु | नगरपालिकाको अनुदान रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | जम्मा | | | | | | | |

| | |
|---|---|
| माथी उल्लेखित विवरणहरु ठिक साचो छ । भूटो ठहरे कानून वमोजिम सजायको भागिदार हुनेछु । | |
| जिम्मेवार पदाधिकारीको | |
| नाम | |
| पद | |
| हस्ताक्षर | |
| मिति | |
| छाप | |

आवेदकको योगदानमा जग्गाको मूल्य र चालु खर्च समावेश गर्न पाईने छैन ।

## अनुसूचि- ४

## लागत साझेदारीको प्रतिवद्धता

बेलका नगरपालिका...............................................को मिति...............................मा ................प्रकाशित सूचना अनुसार बेलका नगरपालिका वडा न. ....स्थायी ठेगाना भएका श्री .........................................ले लागत साझेदारीमा .............................................कार्यक्रम सञ्चालनका लागि पशे गरेको कार्ययोजना अनुसार अनुमानित कूल लागत रु.....................को ..........प्रतिशतले हुन आउने रु ....................अक्षेरुपी.................................................... ........वरावरको लगानि आफ्नो आन्तरिक श्रोतवाट व्यहोरी कार्यक्रम सम्पन्न गर्न प्रतिवद्धता जाहेर गर्दछु ।

| वाँया | दायाँ |
|---|---|
| | |

**निवेदकको नामः**

दस्तखतः

मितिः

सस्थाको छापः

## अनुसूचि-५

## सम्वन्धित वडाको सिफारिस

श्री बेलका नगरपालिका
रामपुर, उदयपुर
प्रदेश नं १

**विषयः** सिफारिस गरिएको वारे ।

उपरोक्त सम्वन्धमा बेलका नगरपालिकाको मिति २०७६/ /..... मा प्रकाशित सूचना अनुसार बेलका नगरपालिका वडा नं.............श्री...........................ले लागत साझेदारीमा ............................कार्यक्रम सञ्चालनका लागि सिफारिस पाँउ भनि यस कार्यालयमा निवेदन दिएकोमा सम्लग्न कागजातहरुको अध्ययन तथा आवश्यक जाचवुझ गर्दा निजले पेश गरेका विवरणहरु सहि रहेकोले प्रस्ताव छनौट प्रकृयामा संलग्न गरि दिनु हुन सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

**सिफारिस गर्नेको**
दस्तखतः
नामः
मितिः
छापः

# अनुसूचि- ६

## स्थलगत प्रमाणिकरण मूल्यांकन फारम

### क) सामान्य जानकारी

१) जिल्ला: उदयपुर ।
२) आवेदकको नाम:
३ ) स्थायी ठेगाना:
४) प्रस्तावित कार्यक्रमको नाम:
५) स्थलगत प्रमाणिकरण मिति:

### ख) आवेदकको मूल्यांकन:

| क.सं. | मूल्यांकनका सूचकहरु | प्रमाणिकरणमा देखिएको अवस्था र भार | प्राप्तांक |
|---|---|---|---|
| १ | भौतिक क्षमता | ३० | |
| १.१ | आवेदकको पृष्ठभूमि र प्रस्तावित कार्यक्रम विच तालमेल भए नभएको | ६ | |
| १.२ | भविस्यमा कार्यक्रम विस्तारका लागि संभावना छ वा छैन | ६ | |
| १.३ | व्यवसाय अनुसार पूर्वाधारहरुको व्यवस्था | ६ | |
| १.४ | कार्यक्रम कार्यान्वयन स्थलमा वाटो, पानी, विजुलीको सूविधा छ वा छैन | ६ | |
| १.५ | भौगोलिक हिसावले उक्त स्थानमा प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयुक्त छ वा छैन | ६ | |

| | | | |
|---|---|---|---|
| २ | प्राविधिक क्षमता | १५ | |
| २.१ | प्रस्तावित कार्यक्रमसंग मेलखाने कृयाकलापमा हाल संलग्नता छ वा छैन | ५ | |
| २.२ | आवश्यक प्राविधिक सेवा टेवा प्राप्त हुन सक्ने अवस्था छ वा छैन | ५ | |
| २.३ | आवेदक सम्वन्धित विषयको तालीम, अनुभव प्राप्त छ वा छैन | ५ | |
| ३ | वित्तिय क्षमता | ५ | |
| ४ | वातावरणिय हावापानीको हिसावले उपयुक्त छ वा छैन | १० | |
| ५ | अन्य पक्षहरु | २० | |
| ५.१ | संस्थागत व्यवसायिक कृयाशिलता सन्तोषजनक छ वा छैन | ५ | |
| ५.२ | दर्ता, नविकरण करचुक्ता, अडिट आदि अधावधिक छ वा छैन | ५ | |
| ५.३ | घाँसखेतिका लागि आवश्यक जमिन उपलव्ध हुन सक्ने अवस्था छ वा छैन | ५ | |
| ५.४ | उत्पादित वस्तुको सहज वजारिकरण हुन सक्ने अवस्था छ वा छैन | ५ | |
| ६ | स्थलगत टोलीको राय | २० | |
| ६.१ | आवेदकसंग लागत साझेदारी गर्न उपयुक्त छ वा छैन | २० | |
| जम्मा | | १०० | |

कूल ५० अंक प्राप्त गर्न सफल प्रस्तावहरुको प्राथामिकिकरण गरिने छ । अन्यथा ५० भन्दा कम अंक प्राप्त गरेका प्रतावहरु छनौटका लागि प्रस्ताव मूल्यांकन तथा सिफारिस समितिमा पेश गरिने छैन ।

**ग) आवेदकसंग विधानमा भवन, सवारी साधन, ठूला मेसिनरी र उपकरणहरुको विवरण:**

| क्र.सं. | विवरण | परिमाण | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

**घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने**

१)
२)
३)
४)

**ङ) स्थलगत प्रमाणिकरण टोलको राय**

| क्र.सं. | स्थलगतमा सहभागि पदाधिकारीहरुको नाम | पद | हुन्छ वा हुदैन | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूचि-७

### कार्ययोजना मूल्यांकन फारम

| क्र.सं. | मूल्यांकनका आधारहरु | भार (प्रतिशत) | प्राप्तांक |
|---|---|---|---|
| १ | सस्थाको उमेर र अनुभव | १० | |
| १.१ | २ वर्ष सम्म | २ | |
| १.२ | २ वर्ष देखि ३ वर्ष सम्म | ३ | |
| १.३ | ३ वर्ष माथी | ५ | |
| २ | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | २० | |
| २.१ | सडक सूविधा भएको | ४ | |
| २.२ | विजुलिको सुविधा भएको | ३ | |
| २.३ | खानेपानीको सूविधा भएको | ३ | |
| २.४ | घाँसखेति गरिएको जग्गा वा भविस्यमा घाँस विस्तारको सम्भावना | ५ | |
| २.५ | संस्थाको स्वामित्वको भवन, पूर्वाधार, सवारी साधन आदि | ५ | |
| ३ | प्राविधिक दक्षता र सम्वन्धित विषयको तालिम (सस्थाको हकमा स्थायी कामदारहरु ) | ५ | |
| ३.१ | ७ देखि १५ दिन सम्मको तालिम | २ | |
| ३.२ | १६ देखि ३० दिन अवधिसम्मको तालिम | ३ | |
| ४ | वित्तिय क्षमता | ५ | |
| ५ | प्रतक्ष लाभान्वित संख्या | १५ | |

| | | | |
|---|---|---|---|
| ५.१ | ५० जना भन्दा कम | ५ | |
| ५.२ | ५० देखि माथी | १० | |
| ६ | वातावरणीय र हावापानी उपयुक्त | ५ | |
| ७ | अन्य पक्षहरु | १० | |
| ७.१ | हालको काम र प्रतावित कार्यक्रम विच तालमेल रहेको | ५ | |
| ७.२ | आवेदकको अवस्थीति र प्रस्तावित कार्यक्रम सञ्चालन स्थल विचको तादम्यता | ५ | |
| ८ | स्वीकृत कार्यविधि अनुसारका थप आधारहरु | ३० | |
| ८.१ | प्रस्ताव आह्वनको सूचना मूताविक संवन्धित कार्यालयको प्राथमिकता र आवेदकको तालमेल | ५ | |
| ८.२ | आर्थिक प्रस्तावको गुणस्तर | ५ | |
| ८.३ | प्राविधिक प्रस्तावको गुणस्तर | १० | |
| ८.४ | व्यवसायीक कार्ययोजनाको स्पष्टता | ५ | |
| ८.५ | कार्यविधि अनुसारका फरमेट र प्रावधान मेल खाएको | ५ | |
| जम्मा | | १०० | |

उपरोक्त अनुसार व्यवसायीक योजनाको मूल्यांकन गर्दा न्यूनतम ५० प्रतिशत अंक प्राप्त गरेका प्रस्तावहरु मात्र छनौटको प्रतिस्पर्धामा सामेल हुनेछन् ।

## अनुसूचि-८

बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन सम्वन्धि प्रस्तावको अन्तिम छनौट र प्राथमिकीकरण फारमः

| क्र.सं. | द.नं. | आवेदक संस्थाको नाम | ठेगाना | स्थलगत प्रमाणिकरणको प्राप्तांक (१००) | कार्ययोजना मूल्यांकनको प्राप्तांक (१००) | हाल पालि रहेको बाख्रा संख्या (५०) | कूल प्राप्तांक(२५०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

उपरोक्त प्राथामिकीकरण सहितको सूचि अन्तिम छनौट र स्वीकृतिका लागि पेश गर्न प्रस्ताव मूल्यांकन तथा सिफारिस समितिका पदाधिकारीहरु

| क्र.सं. | नाम थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूचि- ९

## बाखा श्रोत केन्द्र स्थापना कार्यक्रम संचालनका लागि सम्झौता पत्र

बेलका नगरपालिका, रामपुर, उदयपुर, प्रदेश न. १ पशु पंछी तथा मत्स्य विकास शाखाको आ .व २०७६/७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार बाखा श्रोत केन्द्र स्थापना कार्यक्रम संन्चालन गर्नका लागि मिति .................. गते .............. पत्रिकामा प्रथम पटक प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये यस नगरपालिकाको मिति ................ को निर्णयबाट श्री.........................

को प्रस्ताव छनौट भएको हँदा बेलका नगरपालिका, रामपुर, उदयपुर (यस पछि प्रथम पक्ष भनिने ) र श्री ............................ (यस पछि दोस्रो पक्ष भनिने ) का बिच तपशिल बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम संचालन गर्न मन्जुरभई यो द्धिपक्षिय सम्झौता गरीदियौँ/लियौँ।

इति सम्बत २०७६ साल .......महिना ....... गते....... रोज शुभम्।

## तपशिल

(१) बाखा स्रोत केन्द्र स्थापना कार्यक्रम उदयपुर जिल्ला बेलका नगरपालिका ........ वडा मा संचालन गरिनेछ।

(२) दोश्रो पक्षले पेश गरेको कार्ययोजना मुताविकका निम्न कियाकलापहरु संचालनका लागि प्रथम पक्षले अनुदान रकम उपलब्ध गराउनेछ।

| क.स | कियाकलाप विवरण | अनुमानित लागत रु. | प्रथम पक्षले व्यहोर्ने रु. | दोश्रो पक्षले व्यहोर्ने रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | जम्मा | | | |
| अक्षरुपी | | | | |

(३) प्रथम पक्षले प्रदान गर्ने अनुदान रकम बाट ३ प्रतिशत कन्टिजेन्सी वापत र नियमानुसार अन्य कर कट्टा गरी दुई किस्तामा दोश्रो पक्षको बैङ्क खाता मार्फत भुक्तानि दिनेछ । तर कार्य सम्पन्न भएको अवस्थामा एकै किस्तामा अनुदान रकम भुक्तानि गर्न बाधा पर्ने छैन ।

(४) बार्षिक स्वीकृत कार्यकम बजेटको परिधि भित्र रहि कार्यकम संचालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकमको सिमा तोकिनेछ । अर्थात : सम्बन्धित कार्यालयले प्रदान गर्ने अनुदान रकमलाई कार्यकम संन्चालन लागतको पचहतर प्रतिशत बराबर मानि बाँकि पच्चिस प्रतिशत रकम सम्बन्धित साझेदार संस्थाले व्यहोर्नु पर्ने छ ।

(५) दोश्रो पक्षले व्यहोर्ने घटिमा पच्चिस प्रतिशत साझेदारी रकमा जग्गा र चालु खर्च वापतको रकम समावेश हुनेछैन ।

(६) प्रथम पक्षले कार्यकमको फलोअप सफलताको आधारमा सालवसाली बजेटको व्यवस्था गरी कार्यकमलाई निरन्तरता दिनेछ तर कार्यकम संतोषजनक रुपमा

संन्चालन नभएको ठहर भएमा कार्यकमको निरन्तरता नहुन सक्नेछ ।

(७) दोश्रो पक्षले सम्झौता रकमको बढिमा ५० प्रतिशत बराबर प्रथम किस्ता बापत पेश्कि निकाशा दिन सकनेछ । दोश्रो किस्ता निकासाका लागि प्रथम किस्ताबाट सम्पादित कार्यहरुको नियमानुसार विल/विजक प्रविधिक प्रतिवेदन र सम्बन्धित कार्यालय वा पशु पंछी तथा मत्स्य विकास शाखाको स्थलगत निरिक्षण प्रतिवेदन तथा वडाको सिफारिस सहित सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(८) दोश्रो पक्षले कार्यकम सम्पन्न भए पश्चात सम्बन्धित सरोकारवालाहरुको सहभागितामा सार्वजनिक सुनवाई गर्नु पर्नेछ र सो को प्रतिवेदन अन्तिम भुक्तानिको समयमा कार्य सम्पन्न प्रतिवेदन रहित सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(९) दोश्रो पक्षले श्रोत केन्द्रमा आवद्ध कृषकहरुले पालेका बाख्राको उत्पादान विवरण, प्रगति प्रतिवेदन र अन्य अभिलेखिकरण कार्यका लागि श्रोत केन्द्र संञ्चालक समितिले सम्बन्धित कार्यालयको समन्वयमा एक प्रविधिक सहजकर्ता नियुक्ती र परिचालन गर्न सक्नेछ ।

(१०) दोश्रो पक्षले कोषको लेखा परिक्षण प्रचलित कानून अनुसार गर्नु पर्नेछ ।

(११) साझदारले आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र कोषको विवरण र अन्य कागजातहरु फरफारका लागि सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(१२) श्रोत केन्द्रमा आवद्ध प्रत्येक कृषक सदस्यले कम्तीमा ५० वटा प्रजनन् योग्य वयस्क माउ बाख्रा पालेको हुनु पर्नेछ ।

(१३) दोश्रो पक्षले श्रोत केन्द्रमा आवद्ध सबै बाख्राहरुको बिमा गर्नेछ ।

(१४) प्रथम पक्षले तोकेअनुरुपको बाख्राको नश्ल कायमहुने गरी बाख्रा श्रोत केन्द्र विकास गर्ने जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

(१५) दाश्रो पक्षले श्रोत केन्द्र सञ्चालक समितिको निर्णय मुताविक उत्पादित बाख्रा बिक्री वितरण गर्नेछ र शो को नियमित विवरण पक्षलाई उपलब्ध गराउनेछ ।

(१६) दोश्रो पक्षले आफ्ना हआवश्यकता मुतमविकका कृयाकलापहरु समेटि तयार गरिएको बार्षिक कार्ययोजना स्वीकृतिका लागि प्रथम पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

(१७) दोश्रो पक्षले व्यवसाय विस्तार तथा सुदृढिकरण गर्न ऋणको आवश्यकता महशुस गरेमा प्रथम पक्षले शो सम्बन्धि सहजिकरणको लागि वित्तिय संस्थाहरुसँग समन्वय गराउने छ ।

(१८) दोश्रो पक्षले स्वीकृत बार्षिक कार्ययोजना अनुरुप गरेका कार्यकमहरुको प्रगति विवरण चौमासिक रुपमा प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

(१९) दोश्रो पक्षले पशु पालन व्यवस्थापनको लागि गरिने सम्पुर्ण कार्यहरुको अभिलेख विवरण अनुसुचि-११(क) देखि अनुसुचि -११ (घ) सम्म राखि अद्यावधिक गर्नु पर्नेछ ।

(२०) प्रथम पक्षले सञ्चालित कार्यक्रमका प्रगति सन्तोषजनक नपाएमा तोकिएको अवधि सम्म कार्यक्रमलाई निरन्तरता दिन बाध्य हुने छैन ।

(२१) पहिलो पक्षको कार्यक्रम अवधि समाप्त भए पछि पनि दोश्रो पक्षले कार्यक्रमलाई निरन्तरता दिनु पर्नेछ ।

(२२) दोश्रो पक्षले यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाईएमा प्रचलित कानून बमोजिम कार्यवाहिको भागेदारी हुनु पर्नेछ ।

(२३) आवश्यकता अनुसार उल्लेखित सर्तहरुमा थपघट गर्न सकिनेछ ।

| **प्रथम पक्ष** | **दोश्रो पक्ष** |
|---|---|
| कार्यालय तर्फ | समितिको |
| तर्फनाम | नाम |
| पद | ठेगाना |
| दस्तखत | दस्तखत |
| मिति | मिति |
| कार्यालयको छाप | समूहको छाप |

# अनुसूचि-१०

## बाख्रा श्रोत केन्द्रको अनुगमन फारम

(१) जिल्ला: उदयपुर

(२) श्रोत केन्द्रको नाम र ठेगाना:

(३) कार्यक्रम सञ्चालन संस्थाको नाम र ठेगाना:

(४) कार्यक्रम सञ्चालन भएको मिति

(५) अनुगमन मिति

(६) संवन्धित कार्यालयवाट प्राप्त रकम रु

(७) साझेदार संस्थाको लगानि रकम रु

(८) हालसम्म सम्पादित कृयाकलापहरु

(९) कृयाकलापमा सम्लग्न कृषक संख्या

(१०) श्रोत केन्द्रमा भएका वाख्रा संख्या

(११) श्रोत केन्द्रको उत्पादन र बेच विखान

| उत्पादन संख्या | | विक्री संख्या | | | |
|---|---|---|---|---|---|
| पाठा | पाठी | बोका | माउ | पाठा | पाठी |
| | | | | | |

(१२) घाँस विकासको अवस्था

(१३) प्राविधिक सहजकर्ता परिचालनको अवस्था

(१४) स्थान अनुसार गोठको वनावट बैज्ञानिक भए नभएको वारेमा विवेचना

(१५) श्रोत केन्द्रका बाख्राको नश्ल र शारिरीक अवस्था

(१६) श्रोत केन्द्रमा रेकर्ड अध्यावधिकको स्थीति

(१७) दिएका सुझाव

निरिक्षणकर्ताको नाम
पद
मिति
दस्तखत

समिति पदाधिकारीको नाम
पद
मिति
दस्तखत

## अनुसूचि- ११

## प्रगति प्रतिवेदन विवरण

कार्यक्रमको नामः

साझेदारको नामः

ठेगानाः

प्रगति विवरणको अवधिः  मिति २०७६//  देखि  २०७६ // सम्म

| क्र. सं. | सम्पन्न क्रियाकलाप | इकाई | परिमाण | वार्षिक लक्ष | हालसम्मको प्रगति | कुन ठाउमा के गरियो भन्ने विवरण उल्लेख गर्ने | लाभान्वित कृषक परिवार संख्या | खर्च रु |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

तयार गर्ने                                                     पेश गर्ने

## अनुसूचि- १२

श्रोत केन्द्रको बाख्राको मापदण्ड

### १. प्रजनन योग्य माउ बाख्रामा हुन पर्ने गुणहरुः

(१) २ वा २ भन्दा वढी पाठापाठी जन्माउने माउ बाख्राको सन्तान हुन पर्ने ।

(२) माउ बाख्राको माउ वाउ वीच नाता नभएको हुनु पर्ने ।

(३) पहिलो पटक व्याउने उमेर वढीमा १७ महिनाको हुनु पर्ने ।

(४) २ वर्षमा ३ पटक व्याउने विशेषता भएको हुनु पर्ने ।

(५) छनौट गरी वथानमा राखिने ब्राको जात अनुसारको जातीय गुण प्रस्ट देखिने हुन पर्ने ।

(६) राम्रो दुध उत्पादन तथा पाठापाठी हुर्काउन सक्ने क्षमता भएको, लामो खुट्टा, मिलेको शारिरीक वनावट तथा कल्चौडो र थुन मिलेको हुनु पर्ने ।

(७) शारिरीक वनावटमा कुनै खोट नभएको, प्रजनन तथा अन्य रोग नभएको हुनु पर्ने ।

(८) छनौट गरिने बाख्राले स्थानीय हावापानी सहन सक्ने र स्थानीय रुपमा उपलव्ध घाँसपात उपयोग गर्ने खालको हुनु पर्नेछ ।

## २. प्रजनन वोकामा हुन पर्ने गुणहरुः

(१) (१) २ वा २ भन्दा वढी पाठापाठी जन्माउने माउ बाख्राको सन्तान हुन पर्ने ।

(२) बोकाको माउ बाख्रा वीच नाता नभएको हुनु पर्ने ।

(३) प्रजननका लागि छनौट गरिने बोका राम्रो दुध दिने माउवाट जन्मिएको हुनु पर्ने ।

(४) आफ्नो उमेरका बोका भन्दा वढी शारिरीक वृद्धिदर भएको हुनु पर्ने ।

(५) छनौट गरी वथानमा राखिने बोकाको जात अनुसारको जातीय गुण प्रस्ट देखिने हुन पर्ने ।

(६) दुवै अण्डाकोष राम्रो संग विकास भएको र एकै आकार प्रकारको हुनु पर्ने ।

(७) फूर्तिलो, दानापानी रुचाएर खाने, छाला र रौ सफा तथा चम्किलो उमेर अनुसार शारिरीक वृद्धि भएको हुनु पर्ने (८) चौडा छाति, सिधा तथा वलियो खुट्टा तथा टाउको र गर्दनको अनुपात मिलेको हुनु पर्ने ।

(९) प्रजनन सम्वन्धि रोग तथा अन्य रोगहरुवाट मूक्त हुन पर्ने ।

# अनुसूचि- १३

## प्राविधिक सहजकर्तासंग गरिने संभ्कौता पत्रः

आज मिति २०७६/ / मा जिल्ला उदयपुर, बेलका नगरपालिकामा .....................स्थानमा सञ्चालित बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रममा प्राविधिक सहयोग गर्नका लागि बाख्रा श्रोत केन्द्र सञ्चालक समिति ( यस पछि पहिलो पक्ष भनिने) र बेलका नगरपालिका वडा नं.... मा वस्ने श्री ............................................( यस पछि दोश्रो पक्ष भनिने) वीच तपशिलमा उल्लेखित सर्तका अधिनमा कार्य गर्ने गरी द्धिपक्षिय संभ्कौता गरी लियौ दियौ ।

ईति सम्वत २०७६ साल ............ महिना रोज .......... शुभम्

**तपशिलः**

(१) दाश्रो पक्षले पहिलो पक्ष द्धारा दिएको निर्देशन अनुसार प्राविधिक सहजकर्ताको रुपमा बाख्रा श्रोत केन्द्र विकासमा सेवा टेवा प्रदान गर्नु पर्दछ ।

(२) दोश्रो पक्षले श्रोत केन्द्रमा आवद्ध कृषकहरुमा प्रविधि अनुसरण लगायत गोठ व्यवस्थापन, पशु आहारा, नश्ल सुधार, पशु स्वास्थ्य सेवा, प्रयोगशाला सेवा तथा वजार व्यवस्थापनको कार्यहरुमा सहजिकरण गर्नु पर्नेछ ।

(३) दोश्रो पक्षले बाख्रा श्रोत केन्द्रको तथ्यांक संकलन र अभिलेख व्यवस्थापन गर्नु पर्नेछ ।

(४) दोश्रो पक्षले मासिक रुपमा पहिलो पक्षलाई प्रगति विवरण पेश गर्नु पर्नेछ ।

(५) दोश्रो पक्षले श्रोत केन्द्रमा आवद्ध कृषकहरुको समस्याहरुको पहिचान गरि प्रथम पक्ष समक्ष पेश गर्नेछ ।

(६) दोश्रो पक्षले प्रविधिको अनुसरणका लागि कृषकहरुलाई सदैव अभिप्रेरित गर्नु पर्नेछ ।

(७) यो सम्झौता मिति २०७६/ / देखि ..............सम्मको लागि मात्र हुनेछ ।

(८) दोश्रो पक्षको काम सन्तोषजनक नभएमा पहिलो पक्षले कुनै पनि वखत संझौता रद्ध गर्नेछ ।

(९) दुवै पक्षको समझदारीमा सेवा सर्तहरु थपघट गर्न सकिनेछ ।

| | |
|---|---|
| प्रथम पक्ष | दोश्रो पक्ष |
| नाम : | नामः |
| पद : | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| कार्यालयको छाप | |

रोहवर
नामः
पदः

# बाखाको अभिलेख फारम

## अनुसूचि- १४

श्रोत केन्द्रको नाम :  कृषकको नाम थर :  ठेगाना :
माउ बाखाको ट्याग नम्वर :  नश्ल :  जन्म मिति :
माउ बाखाको आमा :  माउ बाखाको बाउ :  पहिलो पटक
बोका लाग्दाको मिति :
पहिलो पटक व्याउदाको मिति :  माउ बाखाको विगतको संम्क्षित जानकारी
:उल्टिने( ) वा तुहिने:( ) वा बारारम्बार रोग लाग्ने( )अन्य

| बेत | बोका लाग्ने मिति | बोकाको ट्याक नं. | ब्याएको मिति | तौल लिएको पटक | तौल लिएको मिति | पाठापाठीको लिङ्ग तौल के.जी | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | १ | | २ | | | | ३ | | |
| १ | | | | जन्मेको दिन | | ट्याग नं. | लिङ्ग | तौल | ट्याग | लिङ्ग | तौल | ट्याग | लिङ्ग | तौल | |
| | | | | तेश्रो महिना | | | | | | | | | | | |
| | | | | पाचौ महिना | | | | | | | | | | | |
| २ | | | | जन्मेको दिन | | | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | | | |
| | | | | पाचौ महिना | | | | | | | | | | | |
| ३ | | | | जन्मेको दिन | | | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | | | |
| | | | | पाचौ महिना | | | | | | | | | | | |
| ४ | | | | जन्मेको दिन | | | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | | | |
| | | | | पाचौ महिना | | | | | | | | | | | |

माउ बाखा वथानवाट हटाएको मिति  के कारण: हटाएको। मृत्यू भएको ( ) यदि मृत्यू भएको भए कारण ( ) विक्री गरेको ( )

कृषकले पाठापाठीको जन्मदाको तौल, ३ महिनाको तौल र ५ महिनाको तौल गरी ३ पटक तौल लिनु पर्नेछ।